कृषि तथा वन विज्ञान विश्वविद्यालय
# कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन : ०५६-५९२४३६/५९२४१२/५२०६०२/
०१-४४७८६४७

मिति: २०७१/०६/२२

## कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना सम्वन्धी सूचना

शैक्षिक सत्र २०७१/०७२ का लागि यस विश्वविद्यालय अन्तर्गत कृषि स्नातक (B.Sc.Ag.) तहको शैक्षिक कार्यक्रममा कृषि संकाय, रामपुर, चितवनमा अध्ययन गर्न चाहाने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै नेपाल सरकारबाट स्थापना भएका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरु बाहेक अन्य विश्वविद्यालयवाट एस.एल.सि./प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तीण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र **(Certificate)** वा अस्थायी प्रमाणपत्र **(Provisional Certificate)** को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता :** एस. एल. सी. वा सो सरहको परीक्षा उर्त्तीण भई आई.एस्सी (विज्ञान/कृषि), १०+२ विज्ञान/कृषि वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% अङ्क प्राप्त गरि उर्त्तीण भएको हुनुपर्नेछ ।

२) **आवेदन फाराम शुल्कः** रु. ५००।- (पाँच सय रुपैया) मात्र लाग्नेछ ।

३) **प्रवेश परीक्षा शुल्कः** रु. १,५००।- (एक हजार पाँच सय रुपैया) मात्र लाग्नेछ ।

उक्त आवेदन फाराम र प्रवेश परीक्षाको जम्मा शुल्क : रु. २०००।- (दुई हजार) ने.वै.लि., रामपुरमा कृषि संकायको नाममा रहेको चल्ति खाता नं. **००८५०००००४९०१** मा रकम जम्मा गर्नुपर्नेछ ।

४) **आवेदन फाराम वितरण र वुझाउने मिति र स्थानः** मिति २०७१ असोज २२ गते देखि २०७१ कार्त्तिक २८ गते कार्यालय समय भित्र (विदाको दिन बाहेक) डीनको कार्यालय, कृषि संकाय, रामपुर, केन्द्रीय कार्यालय, भरतपुर र सर्म्पक कार्यालय, मिनभवनवाट आवेदन फाराम लिन र बुझाउन सकिनेछ । साथै यस विश्वविद्यालयको वेभसाइट **www.afu.edu.np** बाट आवेदन फाराम **Download** गर्न सकिनेछ । मिति २०७१ कार्त्तिक ३० गते देखि २०७१ मंसिर ७ गते सम्म प्रवेश परीक्षा शुल्कको दोब्बर शुल्क र आवेदन फाराम शुल्क गरि जम्मा रु.३,५००।- (तिन हजार पाँच सय) बुझाई डीनको कार्यालय, कृषि संकाय, रामपुरवाट मात्र आवेदन फाराम लिन तथा बुझाउनु पर्नेछ ।

५) संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर आदि अपुग भएमा वा हुलाकवाट पठाईएको वा अन्य ठाउमा दर्ता गरिएको वा बुझाएको वा अन्य माध्यमवाट पठाएको आवेदन

फाराम उपर कुनै कारर्वाही गरिने छैन । साथै कुनै कारणवस कुनै कागजपत्र अपुग भएमा बैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन् ।

**६) प्रवेश परीक्षा हुने मिति र स्थान:**

२०७१ मंसिर २० गते शनिबार विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

**७) प्रवेश पत्र वितरण मिति र स्थान:**

२०७१ मंसिर २० बिहान ७:०० बजे देखि १०:०० बजेसम्म । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

**८) भर्नाको नामाबली प्रकाशन मिति:**

**I) मेरिट कोटाको लागि:**

क) भर्नाको लागि प्रथम नामावली २०७१ मंसिर २१ गते विहान १०:०० बजे प्रकाशित गरिनेछ र प्रथम नामावालीमा परेका विद्यार्थीहरुले २०७१ मंसिर २२ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा २०७१ मंसिर २३ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७१ मंसिर २४ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७१ मंसिर २५ गते तेश्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेश्रो (अन्तिम) नामावालीमा परेका विद्यार्थीहरुले २०७१ मंसिर २६ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

**II) अन्य कोटाहरुको लागि:**

अन्य कोटाहरुको सन्दर्भमा मंसिर २८ गते देखि क्रमानुसार पहिलो, दोश्रो, तेस्रो (अन्तिम) नामावाली प्रकाशित गर्दै नियमानुसार भर्ना गरिनेछ । **UDF** कोटामा पढ्न चाहाने विद्यार्थीहरुले **UDF** सम्वन्धि आवेदन फाराम भरि बुझाउनु पर्नेछ । उक्त आवेदन फाराम २०७१ मंसिर २१ गते बाट मंसिर २६ गते सम्म लिन र बुझाउन सकिनेछ ।

९) **भर्नाको आधार:** प्रवेश परीक्षाको प्राप्ताङ्क ८०% प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तिर्णाङ्क ५०% हुनेछ ।

१०) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न बिषयहरुमा कुल ८० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम **(Multiple Choice Objective Type)** को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टाको हुनेछ ।

क) अग्रेजी-१२ ख) केमेष्ट्री-१२ ग) फिजिक्स-१२ घ) बोटानी-१२

ङ) जुलोजी-१२ च) गणित-१२ र छ) सामान्य ज्ञान र कृषि-८

११) पाँच विकास क्षेत्र, दलित, जनजाती, मधेसी, अपाङ्ग, शहिद परिवार, द्धन्द पिडित, छात्रा र स्टाफ कोटाका विद्यार्थीहरुको लागि केही सिट छुट्याइएको छ । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तिण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना पाउन ईच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उर्त्तिण

गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पत्र आवेदन फाराममा संलग्न गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर कुनै कार्वाही हुने छैन । छात्रा कोटा र क्षेत्रिय कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले आवेदन फारामसंग निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनुपर्नेछ । साथै उक्त कोटाका लागि भर्ना पाउन इच्छुक भई आवेदन दिने आवेदकहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ ।

**तपसिलः**

क) दलित कोटाः राष्ट्रिय दलित आयोग ।

ख) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

ग) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।

घ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय ।

ङ) शहिद परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

च) द्वन्द पिडित परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

छ) स्टाफकोटाः सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

१२) वि.एस्सी.एजी. **(B.Sc.Ag.)** का लागि १६५ जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट **MOU** भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । मेरिट कोटाको भर्ना सकिए पछि अन्य कोटाहरुको क्रमैसंग भर्ना सूचि प्रकाशित गरिने छ । स्थान रिक्त भएमा, प्रत्येक कोटाको लागि ३ (तीन) पटक सम्म नामावाली प्रकाशन गरिनेछ यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावालीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई UDF कोटामा समावेश गरि भर्ना लिइनेछ ।

**कोटा विवरणः**

| सि.न. | विवरण | कृषि |
|---|---|---|
| १ | मेरीट | ६९ |
| २ | विकास क्षेत्र | २० |
| ३ | दलित | ५ |
| ४ | जनजाती | ५ |
| ५ | मधेशी | ५ |
| ६ | अपाङ्ग | २ |
| ७ | शहिद परिवार | १ |
| ८ | द्वन्द पिडित | २ |
| ९ | छात्रा | ८ |
| १० | स्टाफ कोटा सहुलियत | ४ |
| ११ | स्टाफ पूर्ण शुल्क | २ |
| १२ | पूर्ण शुल्क **UDF** | ४२ |
| | **जम्मा** | **१६५** |

१३) आवेदन फाराम बुझाउदा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी बुझाउनु पर्नेछ ।

क) आवेदन फाराम र यसको साथमा बैंक भौचर

ख) नेपाली नागारिकताको प्रमाणपत्र

ग) एस.एल.सी. परीक्षाको लब्धाङ्क पत्र

घ) प्रमाणपत्र तहको लब्धाङ्क पत्र

ङ) समानस्तर निर्धारणको प्रमाण

च) एस.एल.सी. परीक्षाको चरित्रिक प्रमाण पत्र

छ) प्रमाणपत्र तहको चरित्रिक प्रमाण पत्र

ज) सम्वन्धित कोटामा भर्ना हुन पाऊ भन्ने निवेदन र सम्वन्धित निकायले सिफारिस गरेको सक्कल सिफारिस पत्र (निवेदन यस संकायबाट उपलब्ध हुनेछ) ।

१४) भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण प्रमाणपत्रहरुका प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु र बुझाउनु पर्नेछ र उक्त प्रमाणपत्रहरु यस संकायमा प्रथम सत्रान्तको अवधिभर राखिनेछ । उक्त अवधिभित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरि सो प्रमाणपत्रहरु लिन पाउने छैनन् ।

१५) **UDF** मा भर्ना हुने विद्यार्थीहरुको लागि भर्ना शुल्क रु. १,२०,०००।- (रु. एक लाख बिस हजार) कायम गरिएको छ । उक्त शुल्क मध्येको प्रथम किस्ता शुल्क रु. ६०,०००।- बुझाई प्रथम सत्रान्तमा भर्ना हुनु पर्नेछ र दोस्रो किस्ता रु. ६०,०००।- तेस्रो सत्रान्तको भर्ना समयमा बुझाई सक्नुपर्नेछ ।

१६) अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता **(AFU Registration)** गर्ने समयमा **Migration Certificate** को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त **Migration Certificate** नवुझाई **AFU Registration** गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१७) अभिमुखीकरण कक्षा **(Orientation Class)** र कक्षा संचालन हुने दिन २०७१ पौष १४ गते भित्रमा जानकारी गराइनेछ ।

१८) विद्यार्थीहरुलाई छात्रावास उपलब्ध गराउन यस संकाय वाध्य हुने छैन ।

डीन
कृषि संकाय